**लक्ष्मी बैंक लिमिटेडको**

**विशेष साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)**

यस लक्ष्मी बैंक लि.का सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद आचार्यज्यूको सभापतित्वमा बैंकको विशेष साधारणसभा मिति २०७३/७/७ गते (तदनुसार अक्टोबर २३, २०१६) आइतबार दिनको २:०० बजे देखि ३:०० बजे सम्म अग्रवाल भवन, कमलपोखरी, काठमाडौंमा सुसम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको बैधानिकता र सभापतित्व, सभा संचालन तथा प्रतिबेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा ब्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) देहाय बमोजिम छन्:

**१. उपस्थिति:**

**(क) सञ्चालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १) | श्री शम्भु प्रसाद आचार्य | अध्यक्ष |
| २) | श्री दिनेश पौड्याल | सञ्चालक |
| ३) | श्री रामकृष्ण पोखरेल | सञ्चालक |
| ४) | श्री विश्व करण जैन | सञ्चालक |

**(ख) अन्य पदाधिकारीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १) | श्री सुदेश खालिङ्ग | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री पियूष राज अर्याल | कम्पनी सचिव/प्रमुख जोखिम अधिकृत |
| ३) | श्री राजिव सापकोटा | प्रमुख - बिजनेस डेभलपमेन्ट तथा इन्स्टिच्यूसन |
| ४) | श्री भुवल राई | प्रमुख सञ्चालन अधिकृत |
| ५) | श्री जिवन लिम्बु | प्रमुख - सूचना प्रविधि अधिकृत |
| ६) | श्री दिपेश अमात्य | प्रमुख - खुद्रा वित्तीय सेवा |
| ७) | श्री मनोहर राज उप्रेती | प्रमुख - आन्तरिक लेखा परिक्षण |
| ८) | श्री सञ्जिव राज जोशी | प्रमुख - सामान्य श्रोत तथा सम्पत्ति व्यवस्थापन |

**(ग) सम्बन्धीत निकायका प्रतिनिधीहरुको उपस्थिती:**

| | | |
|---|---|---|
| १) | श्री खेमराज खत्री | प्रतिनिधी - श्री कम्पनी रजिष्ट्रारको कार्यालय |
| २) | श्री तारानाथ भट्टराई | प्रतिनिधी - श्री नागरिक लगानी कोष |

**(घ) शेयरधनीहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १) | उपस्थित शेयरधनीहरुको संख्या: | २६२ | जना |
| | (क) शेयरधनी स्वयंबाट | २६२ | जना |
| | (ख) प्रतिनिधि (प्रोक्सी) बाट | ० | जना |



Hattisar, P.O. Box: 19593, Kathmandu, Nepal, Tel: 4444684, 4444685, Fax: 977-1-4444640, Email: info@laxmibank.com, Swift: LXBLNPKA
URL: www.laxmibank.com

| | | | |
|---|---|---|---|
| २) | शेयरको प्रतिनिधित्व संख्या | १,७४,३८,७८४ | कित्ता |
| ३) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ५७.३८ | प्रतिशत |

(ङ) यो सभाको मिति सम्ममा कायम रहेका १७,५३१ जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य थिए ।

**२. छलफलका बिषयहरु:**

**(क) विशेष प्रस्ताव**

(१) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा सञ्चालक समितिको विशेष प्रस्ताव पारित गर्ने ।

(२) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता श्री एन.बी.एस.एम. एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्ट्सले तयार गरेको श्री प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडको चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit – DDA Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडको शेयरको मूल्य पारित गरी प्राप्ति (Acquisition) गर्ने कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने ।

(३) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धी अन्तिम सम्झौतापत्र (Scheme of Arrangement) को अनुमोदन गर्ने ।

(४) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडको चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit – DDA) गर्न संयुक्त एक्विजिशन समितिको माध्यमबाट बैंकको सञ्चालक समितिबाट नियुक्त मूल्याङ्कनकर्ता को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

(५) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र प्राप्तीसँग सम्बन्धित प्रचलित कानून निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन प्राप्त भए बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने लगायतका कार्य गर्न गराउन बैंकको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

(६) बैंकको पन्ध्रौं वार्षिक साधारण सभाबाट हाल कायम रहेको पूँजीमा १०० प्रतिशत अर्थात १ कित्ता शेयर बराबर १ कित्ता (१:१) का दरले हकप्रद शेयर निश्काशन गर्ने प्रस्ताव पारित भएकोमा लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गरेपश्चात कायम रहने पूँजीको १०० प्रतिशत अर्थात १ कित्ता शेयर बराबर १ कित्ता (१:१) का दरले हकप्रद शेयर निश्काशन गर्ने ।

(७) उल्लिखित हकप्रद शेयर निश्काशनको लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पुँजी वृद्धि गर्न स्वीकृती प्रदान गर्ने ।



Hattisar, P.O. Box: 19593, Kathmandu, Nepal, Tel: 4444684, 4444685, Fax: 977-1-4444640, Email: info@laxmibank.com, Swift: LXBLNPKA
URL: www.laxmibank.com

(८) बैंकको सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको कार्यकाल सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशिका, २०७२ को निर्देशन ६ को बुँदा १(१६) र बुँदा ३(१०) बमोजिमको व्यवस्था कार्यान्वयन गर्ने ।

(९) बुदा (५), (७) र (८) बमोजिमको निर्णय कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने ।

(१०) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारीलाई निरन्तरता दिने ।

**(ख) विविध ।**

## ३. सूचना प्रकाशन:

सञ्चालक समितिको मिति २०७३ साल आश्विन महिना १६ गते आइतबार तदनुसार २ अक्टोबर २०१६ मा बसेको १७९औं बैठकको निर्णय अनुसार तथा कम्पनी कानूनमा भएको ब्यवस्था बमोजिम यस लक्ष्मी बैंकको विशेष साधारण सभा मिति २०७३ साल कात्तिक महिना ७ गते आइतबार तदनुसार २३ अक्टोबर २०१६ मा वस्ने सूचना शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७३ आश्विन १७ गतेको कारोबार र कात्तिक २ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Web Site मा पनि सभा सम्बन्धी विवरणंहरु राखिएको थियो ।

## ४. गणपुरक संख्या:

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १७,५३१ | २६२ | - | २६२ | - |
| शेयर संख्या | ३,०३,९२,२९२ | १,७४,३८,७८४ | - | १,७४,३८,७८४ | ५७.३८ |

## ५. सभाको बैधानिकता तथा सभापतित्व:

साधारण सभा हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम ५ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो र सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद आचार्यज्यूलाई वैधानिक प्रकृया पुरा भएकोले सभा संचालन गर्न अनुरोध गर्नुभयो ।

Laxmi Bank Limited * लक्ष्मी बैंक लिमिटेड *



Hattisar, P.O. Box: 19593, Kathmandu, Nepal, Tel: 4444684, 4444685, Fax: 977-1-4444640, Email: info@laxmibank.com, Swift: LXBLNPKA
URL: www.laxmibank.com

**६. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः**

बैंकका अध्यक्ष एवं सभाका सभापति श्री शम्भु प्रसाद आचार्यज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट स्वागत गर्नु भयो ।

तत्पश्चात सभापतिज्यूले सभा समक्ष विशेष साधारण सभाका प्रस्तावहरु छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा आफ्नो विचार, मन्तव्य तथा जिज्ञासाहरु व्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

**७. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

| | | | |
|---|---|---|---|
| १. | श्री व्यास कुमार शर्मा | ५. | श्री नरसिंहलाल चँखु |
| २. | श्री अमृत नाथ रेग्मी | ६. | श्री इन्द्रकृष्ण श्रेष्ठ |
| ३. | श्री बैजनाथ रौनियार | ७. | श्री राजेश शाक्य |
| ४. | श्री अशोक उप्रेती | ८. | श्री कृष्ण अधिकारी कास्यप |

**८. शेयरधनी महानुभाबहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरुको वारेमा अध्यक्षज्यूले देहाय वमोजिम जवाफ दिनु भयो ।**

१. हकप्रद शेयर चाँडै निष्काशन गर्नुपर्‍यो तथा वार्षिक साधारण सभा छिटो सम्पन्न गर्नुपर्‍यो ।

- सुझावको लागि धन्यबाद । नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति पाउनासाथ प्राप्ती प्रक्रिया टुंग्याई हकप्रद शेयर निष्काशन गर्ने तथा वार्षिक साधारण सभा सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

२. प्रोफेशनल दियालो बिकास बैंकलाई प्राप्ति गरेपश्चात बैंकको वित्तीय अवस्थामा कस्तो असर गर्छ ?

- प्रोफेशनल दियालो बिकास बैंकलाई प्राप्ति गरेपश्चात प्रस्तावित व्यवस्था अनुसार बैंकको चुक्ता पूँजी १२ करोड रुपैंयाले तथा वासलातको आकार लगभग २ अर्ब रुपैंयाले वृद्धि हुनेछ । साथै उक्त प्राप्ति पश्चात बैंकको समग्र कारोबार तथा वित्तीय अवस्थामा सकारात्मक असर पर्ने हाम्रो अपेक्षा छ ।

३. FPO मा जान पाएको भए बैंकलाई राम्रो आम्दानी हुने थियो ।

- सुझावको लागि धन्यवाद । हालको प्राप्ति, त्यसपछिको १:१ हकप्रद शेयर निष्काशन, बैंकको सञ्चित मुनाफा तथा चालु आ.व.को अपेक्षित मुनाफाबाट नै नेपाल राष्ट्र बैंकले तोकेको ८ अर्ब पूँजी पुग्ने हुदाँ FPO मा जानुपर्ने आवश्यकता छैन ।

४. हकप्रद शेयरको निवेदन देशभरीका शेयरधनीहरुका लागि सहजरुपमा उपलब्ध हुने व्यवस्था गर्नुपर्‍यो ।

- सुझावका लागि धन्यवाद । यसतर्फ हामी आवश्यक व्यवस्था गर्नेछौं ।

५. प्रोफेशनल दियालो विकास बैंकलाई प्राप्ति गर्ने निर्णय राम्रो छ । अझ बलियो वासलात भएका बैंक/वित्तीय संस्था सँग को पहल गर्नुपर्‍यो ।



Hattisar, P.O. Box: 19593, Kathmandu, Nepal, Tel: 4444684, 4444685, Fax: 977-1-4444640, Email: info@laxmibank.com, Swift: LXBLNPKA
URL: www.laxmibank.com

- सुझावका लागि धन्यवाद । हामीले अझैपनि अन्य बैंक वा वित्तीय संस्थासँग गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्भावनालाई यथावत राखेका छौं ।

६. ICAN ले तोकेबमोजिम लागू NFRS गर्नुपर्‍यो ।

- सुझावका लागि धन्यवाद । हामीले यसतर्फ आवश्यक प्रक्रिया सुरु गरिसकेका छौं ।

**९. प्रस्ताव माथि छलफल तथा निर्णयहरु:**

**(क) विशेष प्रस्ताव:**

(१) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा सञ्चालक समितिको विशेष प्रस्ताव पारित गर्ने :

लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा सञ्चालक समितिको विशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

(२) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता श्री एन.बी.एस.एम. एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्ट्सले तयार गरेको श्री प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडको चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit – DDA Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडको शेयरको मूल्य पारित गरी प्राप्ति (Acquisition) गर्ने कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने :

सभाका अध्यक्षज्यूले मूल्याङ्कनकर्ता श्री एन.बी.एस.एम. एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्ट्सले तयार गरेको मूल्याङ्कन प्रतिवेदनको संक्षिप्त जानकारी दिँदै लक्ष्मी बैंक लिमिटेडको प्रति शेयर मूल्य रु २८८.४० तथा प्रोफेशनल दियालो विकास बैंकको प्रति शेयर मूल्य रु १४५.४८ रहने गरी मूल्यांकन भएअनुसार प्राप्ती प्रयोजनका लागि प्रोफेशनल दियालो विकास बैंकको २ शेयर बराबर लक्ष्मी बैंक लिमिटेडको १ शेयर प्रदान गर्ने प्रस्ताव गर्नुभएकोमा सो प्रस्ताव पारित गरी प्राप्ति (Acquisition) गर्ने कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

(३) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धी अन्तिम सम्झौतापत्र (Scheme of Arrangement) को अनुमोदन गर्ने :

सभाका अध्यक्षज्यूले प्रोफेशनल दियालो विकास बैंकलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धी अन्तिम सम्झौतापत्र (Scheme of Arrangement) को अनुमोदन गर्ने प्रस्ताव गर्नुभएकोमा संलग्न बमोजिमको सम्झौतापत्र (Scheme of Arrangement) को अनुमोदन गर्ने निर्णय गरियो ।

(४) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडको चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit – DDA) गर्न संयुक्त एक्विजिशन समितिको माध्यमबाट बैंकको सञ्चालक समितिबाट नियुक्त मूल्याङ्कनकर्ता को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने :

सभाका अध्यक्षज्यूले लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडको चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit – DDA) गर्न संयुक्त एक्विजिशन समितिको माध्यमबाट बैंकको सञ्चालक समितिबाट श्री एन.बी.एस.एम. एण्ड एसोसिएट्स, चार्टड



Hattisar, P.O. Box: 19593, Kathmandu, Nepal, Tel: 4444684, 4444685, Fax: 977-1-4444640, Email: info@laxmibank.com, Swift: LXBLNPKA
Web: www.laxmibank.com

एकाउन्टेन्ट्सलाई नियुक्त गर्ने तथा सोबापत पारिश्रमिक स्वरुप करबाहेक रु ४,००,०००।- उपलब्ध गराउने निर्णयको अनुमोदन गर्ने प्रस्ताव गर्नुभएकोमा सो प्रस्ताव पारित गरियो ।

(५) लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र प्राप्तीसँग सम्बन्धित प्रचलित कानून निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन प्राप्त भए बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने लगायतका कार्य गर्न गराउन बैंकको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने :

लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र प्राप्तीसँग सम्बन्धित प्रचलित कानून निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन प्राप्त भए बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने लगायतका कार्य गर्न गराउन बैंकको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(६) बैंकको पन्ध्रौं वार्षिक साधारण सभाबाट हाल कायम रहेको पूँजीमा १०० प्रतिशत अर्थात १ कित्ता शेयर बराबर १ कित्ता (१:१) का दरले हकप्रद शेयर निश्काशन गर्ने प्रस्ताव पारित भएकोमा लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गरेपश्चात कायम रहने पूँजीको १०० प्रतिशत अर्थात १ कित्ता शेयर बराबर १ कित्ता (१:१) का दरले हकप्रद शेयर निश्काशन गर्ने :

सभाका अध्यक्षज्यूले पन्ध्रौं वार्षिक साधारण सभाबाट हाल कायम रहेको पूँजीमा १०० प्रतिशत अर्थात १ कित्ता शेयर बराबर १ कित्ता (१:१) का दरले हकप्रद शेयर निश्काशन गर्ने प्रस्ताव पारित भएकोमा लक्ष्मी बैंक लिमिटेडले प्रोफेशनल दियालो बिकास बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गरेपश्चात कायम रहने पूँजीको १०० प्रतिशत अर्थात १ कित्ता शेयर बराबर १ कित्ता (१:१) का दरले हकप्रद शेयर निश्काशन गर्ने प्रस्ताव प्रस्तुत गर्नुभएकोमा सो प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

(७) उल्लिखित हकप्रद शेयर निश्काशनको लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पुँजी वृद्धि गर्न स्वीकृती प्रदान गर्ने :

उल्लेखित विशेष प्रस्ताव बमोजिम हकप्रद शेयर निश्काशनको लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पूंजी वृद्धि गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

(८) बैंकको सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको कार्यकाल सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशिका, २०७२ को निर्देशन ६ को बुँदा १(१६) र बुँदा ३(१०) बमोजिमको व्यवस्था कार्यान्वयन गर्ने :

राष्ट्र बैंकबाट जारी निर्देशिकाको बमोजिम बैंकका अध्यक्ष, सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन नसक्ने गरी सो व्यवस्था कार्यान्वयन गर्ने निर्णय गरियो ।

(९) बुँदा (५), (७) र (८) बमोजिमको निर्णय कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने :



Hattisar, P.O. Box: 19593, Kathmandu, Nepal, Tel: 4444684, 4444685, Fax: 977-1-4444640, Email: info@laxmibank.com, Swift: LXBLNPKA
URL: www.laxmibank.com

बुँदा (५), (७) र (८) बमोजिमको निर्णय कार्यान्वयनका बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने सम्बन्धमा छलफल गर्दा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संलग्न तीन महले विवरण बमोजिम संसोधन गर्ने निर्णय गरियो।

(१०) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारीलाई निरन्तरता दिने।

बैंकको पन्धौं साधारण सभाबाट लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको पूर्ण अख्तियारी लाई निरन्तरता दिइने निर्णय गरियो।

**(ख) विविध :**

विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल नभएको।

**१०. धन्यवाद ज्ञापनः**

अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, पत्रकारहरु, बैंकका कर्मचारीहरु तथा अन्य संघ संस्थाबाट पाल्नुभएका पदाधिकारीहरुज्यूहरु एवं यो साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै सभा विर्सजन भएको घोषणा गर्नुभयो।

पियुष राज अर्याल
कम्पनी सचिव

शम्भु प्रसाद आचार्य
सभापति/सं.समितिका अध्यक्ष

मिति: २०७३/७/७

Laxmi Bank Limited
लक्ष्मी बैंक लिमिटेड



Hattisar, P.O. Box: 19593, Kathmandu, Nepal, Tel: 4444684, 4444685, Fax: 977-1-4444640, Email: info@laxmibank.com, Swift: LXBLNPKA
URL: www.laxmibank.com